# बागमती प्रदेश सरकार
# संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
# बागमती प्रदेश

## सामाग्री सहयोग सम्बन्धी मापदण्ड, २०८०

माननीय मन्त्रीज्यूबाट स्वीकृत मितिः २०८०/०८/११

**प्रस्तावनाः** बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, हेटौंडाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारमा रहेको क्रियाकलाप नं २.७.२६.११ खर्च शिर्षक २२५२९ साँस्कृतिक/जाति/समूहहरुका झाँकी आदीलाई सामाग्री सहयोग र क्रियाकलाप नं २.७.२५.२७३ खर्च शिर्षक २२५२९ सामुदायिक होमस्टेलाई सामाग्री सहयोग कार्यक्रममा बिनियोजन भएको रकमवाट बागमती प्रदेश भित्रका विभिन्न साँस्कृतिक/जाति/समूहहरुका झाँकी तथा सामुदायिक होमस्टे सन्चालन गरिरहेका संस्थाहरुलाई प्रदेश सरकारबाट प्रदान गरिने सामाग्री सहयोगलाई समय सापेक्ष, प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउन बाञ्छनीय भएकोले,

बागमती प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाई लागू गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "सामाग्री सहयोग सम्बन्धी मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले यस मन्त्रालयको आर्थिक बर्ष २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० लाई सम्झनु पर्छ ।

(ग) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "समुह तथा समिति" भन्नाले संस्कृतिको संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा काम गरिरहेका समूह तथा समिति सम्झनु पर्छ ।

(ङ) “सामुदायिक होमस्टे” भन्नाले कम्तीमा दुई वटा अलग अलग स्वामित्व भएका घरधनीले व्यवस्थापन गरी सन्चालन गरेको होमस्टे (घरवास) वा सामुदायिक लजलाई सम्झनु पर्छ ।

## परिच्छेद — २
## उद्देश्य, शर्त, छनोट प्रकृया र मापदण्ड

**३. उद्देश्यः** यस मापदण्डको उद्देश्य देहाय बमोजिम रहेको छः

क) बागमती प्रदेश भित्रका सामुदायिक होमस्टेलाई सामाग्री सहयोग गरी ग्रामिण पर्यटन प्रवर्धन गर्नु,

ख) साँस्कृतिक/जाती/समूहहरुका झाँकी आदीलाई सामाग्री सहयोग गर्नु,

ग) बजेटको परिधिभित्र रही आवश्यक सामाग्रीको लगत संकलन गर्नु र सामाग्री वितरणका लागी होमस्टे अथवा साँस्कृतिक/जाती/समूहहरुको छनौटको आधार तथा प्रक्रिया निर्धारण गर्नु,

घ) सहयोग सामाग्री वितरण कार्यलाई पारदर्शी, जबाफदेही र नतिजामूलक बनाउनु ।

**४. शर्तः** सामुदायिक होमस्टे अथवा साँस्कृतिक/जाती/समूहहरुका झाँकी आदिले सामाग्री माग गर्नका लागि आवेदन दिन देहायका शर्त पुरा गरेको हुनु पर्नेछः-

क) सामुदायिक होमस्टेको हकमा बागमती प्रदेश भित्रका संघीय कार्यालय वा प्रदेश कार्यालय वा स्थानीय तहमा रीतपूर्वक दर्ता भई कम्तिमा अघिल्लो आ.व. देखि कार्यरत हुनु पर्नेछ ।

ख) साँस्कृतिक/जाती/समूह तथा समितिका हकमा संस्कृति संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा कम्तिमा एक बर्ष देखि कार्यरत रहेको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस अनिवार्य संलग्न गर्नु पर्नेछ ।

ग) यसै आर्थिक वर्षमा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहबाट यस किसिमको कुनै पनि सुविधा प्राप्त नगरेको ।

**५. छनौट तथा सिफारिस कार्यदलः** (१) होमस्टे/साँस्कृतिक/जाती/समूह तथा समितिलाई प्रदान गर्न सकिने सामाग्री सहित होमस्टे/साँस्कृतिक/जाती/समूह छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस कार्यदल रहनेछः-

| | |
|---|---|
| क) महाशाखा प्रमुख, पर्यटन, संस्कृति तथा पूर्वाधार महाशाखा | संयोजक |
| ख) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| ग) शाखा प्रमुख, प्रशासन तथा योजना शाखा | सदस्य |
| घ) शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा | सदस्य |
| ङ) शाखा प्रमुख, जिन्सी शाखा | सदस्य सचिव |

(२) कार्यदलको बैठक आवश्यकता अनुसार समितिको संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(३) कार्यदलले विभिन्न होमस्टे/साँस्कृतिक/जाती/समूह तथा समितिबाट प्राप्त भएका प्रस्तावमा उल्लेखित सामाग्रीहरु मध्ये स्वीकृत बार्षिक कार्यक्रम र बजेटको परिधी भित्र रही प्रचलित कानून अनुसार सामाग्री खरिद गर्नु पर्नेछ ।

(४) कार्यदलको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यदल आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) कार्यदलले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(६) कार्यदलका पदाधिकारीले बैठकमा भाग लिए वापत नियमानुसार बैठक भत्ता पाउनेछन् ।

**६. सूचना प्रकाशन र निवेदन दर्ता सम्बन्धमाः** यस मापदण्ड बमोजिम होमस्टे र साँस्कृतिक/जाती/समूहहरुका झाँकीहरुलाई सामाग्री सहयोग गर्ने प्रयोजनका लागि सूचना प्रकाशन तथा प्रस्ताव दर्ताको प्रकृया देहाय बमोजिम हुनेछः-

क) मन्त्रालयले सामुदायिक होमस्टे तथा साँस्कृतिक/जाती/समूहहरुका झाँकीलाई सामाग्री सहयोग गर्ने सम्बन्धी सूचना प्रकाशित गरी संस्कृति संरक्षणका क्षेत्रमा कार्य गरिरहेका साँस्कृतिक/जाती/समूहहरु वा सामुदायिक होमस्टे सन्चालकहरुबाट आवश्यक सामाग्रीको विवरण सहितको प्रस्ताव माग गर्न सक्नेछ ।

ख) खण्ड (क) बमोजिमको सूचना यस मन्त्रालयको वेभसाईट र सूचना पाटीमा राखिनेछ ।

ग) प्रस्ताव यस मन्त्रालयमा सोझै दर्ता गर्नु पर्नेछ ।

घ) निवेदनको ढाँचा अनुसूची-१ (क) र (ख) बमोजिम हुनेछ ।

**७. निवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरुः** प्रस्ताव पेश गर्न ईच्छुक सामुदायिक होमस्टे वा साँस्कृतिक/जाती/समूहहरुले प्रस्ताव साथ देहाय बमोजिमका कागजातहरु संलग्न राखी मन्त्रालय समक्ष निवेदन सहित प्रस्ताव पेश गर्नु पर्नेछः-

क) सामुदायिक होमस्टेको हकमाः

१) नियमानुसार दर्ता भएको निस्सा,

२) प्रचलित कानून बमोजिम कर चुक्ता र नविकरण गरेको निस्सा,

३) सामुदायिक होमस्टे सन्चालन गरिरहेको भन्ने व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस,

ख) साँस्कृतिक/जाती/समूहहरुको हकमाः

१) समूह तथा समिति गठन गरेको निर्णयको प्रतिलिपी

२) समूह तथा समिति गठन भएको सम्बन्धमा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहको सिफारिस

३) समूह तथा समितिका अध्यक्ष तथा सदस्य सचिवको नागरिकताको प्रतिलिपी

**८. सामाग्री वितरणका आधार तथा विधिहरुः** (१) यस मापदण्ड बमोजिम सामाग्री सहयोग गर्ने प्रयोजनको लागि साँस्कृतिक/जाती/समूहहरु वा सामुदायिक होमस्टे छनौटका आधारहरु देहाय बमोजिम हुनेछः

क) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रमा पुऱ्याउने योगदान र प्रभाव

ख) कार्य अनुभव

ग) माग गरेको सामाग्रीको औचित्यता र उपलब्धता

(२) उपदफा १ वाहेकका छनौटका थप आधार तथा विधि सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(३) उपदफा १ बमोजिमको मूल्याङ्कनका आधार छनौट भएका प्रस्तावहरुलाई पेश भएका कागजातहरु, स्थानीय निकायको सिफारिस समेतका आधारमा बजेटको परिधिभित्र रही सहयोग प्रदान गर्न सकिने सामाग्रीको विवरण खुलाई मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

## परिच्छेद-३
## विविध

<u>९. खर्च व्यवस्थापन:</u> कार्यक्रम सञ्चालनका लागि बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्य र अनुगमनमा भएको अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट व्यवस्थापन गरिने छ ।

<u>१०. सरकारी बाँकी सरह असुलउपर गरिने:</u> यदि कसैले नक्कली लाभग्राहीको रुपमा सेवा सुविधा लिएको, मन्त्रालयबाट प्रदान गरिएको सामाग्री विक्री वितरण गरेको वा अन्य कुनै प्रयोजनको लागि प्रयोग गरेको प्रमाणित भएमा उक्त सामाग्री बराबरको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

<u>११. बाधा अड्काउ तथा फुकाउ:</u> यो मापदण्ड कार्यान्वयनमा कुनै बाधा अड्काउ देखापर्न गएमा मन्त्रालयले आवश्यक निर्णय गरी वाधा अड्काउ फुकाउनेछ ।

<u>१२. प्रचलित कानून बमोजिम हुने:</u> यस मापदण्डमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची — १ (क)

(दफा (६) को खण्ड (घ) सँग सम्बन्धित)

मितिः .........................

श्री प्रदेश सचिवज्यू,
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
बागमती प्रदेश, हेटौडा ।

बिषयः सामुदायिक होमस्टेका सामाग्रीहरु सहयोग उपलब्ध गराई पाउँ भन्ने बारे ।

महोदय,
प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट प्रकाशित सूचना बमोजिम यस सामुदायिक होमस्टे/साँस्कृतिक/जाती/समूह लाई देहाय बमोजिमका सामाग्रीहरु सहयोग गरिदिनु देहाय बमोजिमका कागजात सहित अनुरोध गर्दछु ।
देहाय

१) प्रस्ताव (प्रस्तावको ढाँचा)

भाग १ संस्थागत विवरण :

(क) नाम :

(ख) ठेगाना :

इमेल :

टेलिफोन

(ग) दर्ता भएको स्थान, मिति र दर्ता नं. :

(घ) नबिकरण मिति :

(ङ) सम्पर्क व्यक्तिको नाम :

इमेल :

पद :

टेलिफोन :

भाग २ संस्थाको संक्षिप्त विवरण :

(क) नाम :

(ख) स्थान :

(ग) माग गरिएको सामाग्रीहरुको विवरण र स्पेशिफिकेसन, संख्या र औचित्यता :

(घ) अन्य साझेदार भए साझेदारको नाम र ठेगाना :

(ङ) सहयोगबाट अपेक्षित उपलब्धि :

(च) संस्थाको व्यवस्थापकीय पक्ष

- भवन तथा बेडको संख्या.......
- स्थानीय उत्पादनको प्रयोग........

- जनशक्ति प्रयोगको अवस्था.....
- सांस्कृतिक पक्षको जगेर्ना..
- आगन्तुकको संख्या तथा वार्षिक आम्दानी...
- लेखापरीक्षण......
- नियमित बैठक........

(छ) समावेशिता

- युवा........
- महिला.....
- जनजाति..
- दलित....
- पिछडिएको वर्ग आदि)

प्रस्तावकको तर्फबाट हस्ताक्षर तथा छाप

हस्ताक्षर.

नाम.

पद

छाप

२) संलग्न कागजातहरु

क) सामुदायिक होमस्टेको हकमाः

१) नियमानुसार दर्ता भएको निस्सा,

२) प्रचलित कानून बमोजिम कर चुक्ता र नविकरण गरेको निस्सा,

३) सामुदायिक होमस्टे सन्चालन गरिरहेको भन्ने व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस,

३) माथि लेखिएका विवरण ठिक साँचो हो यस आ.व. मा यस संस्था/समुह/समितिले यस्तै प्रकृतिका सामाग्रीहरु अन्य निकायबाट सहयोग लिएको छैन । फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

संस्था/समुहको छाप

निवदेकको

नाम थर

ठेगाना

सम्पर्क न

मिति

**अनुसूची – १ (ख)**

(दफा (६) को खण्ड (घ) सँग सम्बन्धित)

मितिः ........................

श्री प्रदेश सचिवज्यू,
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
बागमती प्रदेश, हेटौडा ।

विषयः सामाग्रीहरु सहयोग उपलब्ध गराई पाउँ भन्ने बारे ।

महोदय,

प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट प्रकाशित सूचना बमोजिम यस ...............साँस्कृतिक/जाती/समूहलाई झाँकी तथा सास्कैतिक कार्यकम सञ्चालनकन लागि देहाय बमोजिमका सामाग्रीहरु सहयोग गरिदिनु देहाय बमोजिमका कागजात सहित अनुरोध गर्दछु ।

देहाय

१) प्रस्ताव (प्रस्तावको ढाँचा)

भाग १ संस्थागत विवरण :

(क) नाम :

(ख) ठेगाना :

इमेल :

टेलिफोन

(ग) दर्ता भएको स्थान, मिति र दर्ता नं. :

(घ) नबिकरण मिति :

(ङ) सम्पर्क व्यक्तिको नाम :

इमेल :

पद :

टेलिफोन :

भाग २ संस्थाको संक्षिप्त विवरण :

(क) नाम :

(ख) स्थान :

(ग) माग गरिएको सामाग्रीहरुको विवरण र स्पेशिफिकेसन, संख्या र औचित्यता :

(घ) अन्य साझेदार भए साझेदारको नाम र ठेगाना :

(ङ) सहयोगबाट अपेक्षित उपलब्धि :

(च) संस्थाको व्यवस्थापकीय पक्ष

- वार्षिक हुने कार्यक्रम तथा संख्या.......

- जनशक्ति प्रयोगको अवस्था.....
- सांस्कृतिक पक्षको जगेर्ना..
- दर्शकको संख्या...

(छ) जातीगत विशिष्ठता

प्रस्तावकको तर्फबाट हस्ताक्षर तथा छाप

हस्ताक्षर.

नाम.

पद

छाप

२) संलग्न कागजातहरु

क) साँस्कृतिक/जाती/समूहहरुको हकमाः

१) समूह तथा समिति गठन गरेको निर्णयको प्रतिलिपी

२) समूह तथा समिति गठन भएको सम्बन्धमा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहको सिफारिस

३) समूह तथा समितिका अध्यक्ष तथा सदस्य सचिवको नागरिकताको प्रतिलिपी

३) माथि लेखिएका विवरण ठिक साँचो हो यस आ.व. मा यस संस्था/समुह/समितिले यस्तै प्रकृतिका सामाग्रीहरु अन्य निकायबाट सहयोग लिएको छैन । फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

संस्था/समुहको छाप

निवदेकको

नाम थर

ठेगाना

सम्पर्क न

मिति